जागरण नेपाल इ-बुलेटिन
महिला अधिकार, शान्ति र सुशासनका लागि जागरण नेपाल



इ–बुलेटिन ११० भाग (साउन ७, २०७३),"राजनीतिमा महिला सहभागिताको सवाल र जागरण नेपाल"

# राजनीतिमा महिला सहभागिताको सवाल र जागरण नेपाल

## पृष्ठभूमि

महिला अधिकार, दिगो शान्ति र सुशासनको सुनिश्चितताका लागि समाजमा पछाडि पारिएका सामुदायलाई विकासका कार्यमा अधिकतम सहभागी गराउन जरुरी छ । यसका लागि उनीहरुको सचेतना बृद्धि गर्ने, सीप तथा क्षमताको विकास गर्ने, हक अधिकार प्राप्ति र रक्षाको लागि निरन्तर रुपमा छलफल, बहस, पैरवी र वकालत गर्ने तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्थापित नीति, नियम र निर्णयहरुको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्दै आत्मनिर्भर एवं समतामुलक समाजको स्थापना गर्ने लक्ष्यका साथ २०५८ पौष २६ गते स्थापना भएको जागरण नेपाल विगत १४ बर्ष देखि यसै क्षेत्रमा निरन्तर क्रियाशिल रहदै आएको छ ।

यात्रालाई अगाडि वढाउने सिलसिलामा सुरुका दिनमा मुलुकमा भएको १० बर्ष भन्दा लामो सशस्त्र द्वन्द्वका कारण दोलखा, रामेछाप सिन्धुपाल्चोक काभ्रे जस्ता द्वन्द्वबाट बढी प्रभावित जिल्लाहरुमा पुगि द्वन्द्वमा परेका महिला तथा बालबालिकाहरुकोलागि सहयोग कार्यक्रमबाट अभियानलाइ अघि बढाएको जागरण नेपालले त्यसपछिका दिनमा भने निरन्तर रुपमा अधिकारको लागि वकालतमुखी, सचेतनामुखी तथा क्षमता अभिबृद्धिसंग गासिएका मुद्धामा काम गर्न विभिन्न अवधारणा तयार पारी राष्ट्रिय, अन्तराष्ट्रिय संजाल तथा बिकासका साझेदार सस्थाहरुसंगको सहकार्यलाई बढवा दिई अगाडि बढ्यो । महिलाहरुको लागि आर्थिक सशक्तिकरण तथा समुह ब्यवस्थापन र परिचालन कार्यक्रमलाइ अपरिहार्य आवश्यकता मनन गरी यस सवाललाइ प्राथामिकतामा राख्दै आर्थिक सशक्तिकरणका कार्यक्रामहरु सुरुवात गरेको जागरण नेपालले बालिका शिक्षा कार्यक्रमलाई पनि निरन्तरता दियो ।

# जागरण नेपालेका गतिविधिहरु

### गा.वि.स. स्तरीय तीन दिने नेतृत्व विकास तालिम सम्पन्न

विभिन्न राजनीतिक दलमा आवद्ध रहेका स्थानीय तहका संभावित तथा वरिष्ठ महिला नेताहरु सहित शिक्षा, स्वास्थ्य, सहकारी, कृषि क्षेत्रमा संलग्न महिला विशेष गरी सिमान्तिकृत समुदायका महिलाहरुको क्षमता अभिवृद्धि तथा राजनीतिक सचेतना संगसंगै राजनीतिमा महिला सहभागिता अभिवृद्धिका लागि उत्प्रेरीत गराउन र स्थानीय सुशासन तथा समावेशिकरण सम्वन्धि नीति तथा कार्यक्रमहरुकावारे जानकारी प्रदान गर्ने उद्देश्यले "महिलाहरु विशेषगरी सिमान्तिकृत समुदायको स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलिकरण" परियोजना संचालन भएका ६ जिल्लाका ३० गा.वि.सहरुमा ३ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । जसमा प्रत्येक गाविस स्तरका २५/२५ जना महिलाहरुको सहभागिता रहेको छ ।



*(गाविसस्तरिय नेतृत्व विकास तालिममा महिलाअधिकार, मानवअधिकार, स्थानीय क्षेत्रमा पहुँच लगायतका विषयमा*

राजनीतिमा महिलाको समावेशी सहभागिता, दिगो शान्ति र सुशासन, महिला अधिकार सशक्तिकरण र वकालत, महिलाको समान सहभागिताका लागि आर्थिक सशक्तिकरण, तथा श्रोतकेन्द्र परिचालन मार्फत महिलाहरुको क्षमता अभिवृद्धि सहित विभिन्न सशक्तिकरणका कार्यक्रमहरु गरी महत्वपूर्ण अनुभवहरु संकलन गर्न सफल भएको छ । यिनै विषयगत सवालहरुमा लिएको अनुभवमा मात्र सीमित नभएर नागरिक तथा राजनीतिक अधिकारको आधारमा देशमा भएको बद्लिदो परिस्थिति अनुरुप आफ्ना अवधारणालाइ सवै नीतिको माउनीति राजनीतिमा महिलाको समानुपातिक सहभागिताको मुद्धालाई आफ्नो मुख्य मुद्धाको रुपमा अगाढि बढाउदै आइरहेको छ । यसै क्रममा सन् २००६ मा राजनीतिमा महिला सहभागिता क्षमता अभिबृद्धि कार्यक्रम शुरु गरेकोमा सन् २०१६ सम्म विभिन्न चरणमा कार्यक्रम संचालन गरिएको छ । यो कार्यक्रमले पाँच विकास क्षेत्रका ११ जिल्ला र ५५ गाविस तथा पछिल्लो चरणमा २५ जिल्लाहरुमा आप्mनो पहुँच पुर्याउन सकेको थियो । राजनीतिमा महिला सहभागिता कार्यक्रमले जागरण नेपाललाई राजनीतिमा महिला सहभागिता तथा समावेशीकरणको मुद्दामा कार्यरत स्रोत संस्थाको रुपमा स्थापित गराउन सफल भएको छ ।
जागरण नेपाल महिला अधिकारका साथै लोकतान्त्रिक सुशासन तथा नागरिक अधिकारका मुद्दामा पनि केन्द्रित रहदै आएको छ । सोही प्रयास अनुरुप कर्णालीका ५ जिल्ला र त्यस अन्तरगतका ७५ गाविसहरुमा लोकतान्त्रिक सुशासनका लागि निर्वाचन शिक्षा कार्यक्रम सम्पन्न गरिसकेको छ । जसका कारण स्थानीय नागरिक समाज, महिला समूह तथा संजालको परिचालन मार्फत स्थानीय सुशासन र लोकतन्त्रको मुद्दालाई अगाडि सारिरहेको छ । स्थानीय सुशासनको आधारलाई लैङ्गिक संवेदनशील, समावेशी तथा समतामुलक बनाउन मद्धत पुगेको छ भने सुनसरीका ६ गाविसमा महिलाकको समावेशी सहभागिताका लागि क्षमता विकास कार्यक्रम अगाडि सारेको छ । यी विभिन्न कार्यक्रम मार्फत महिलाको क्षमता अभिवृद्धि भई स्थानीय स्तरका विभिन्न समितिहरु जस्तै विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, वडा नागरिक मञ्च, स्थानीय उपभोक्त समिति, सहकारी समिति लगाएत अन्य समितिहरुमा समेत सहभागिता बढेको र कार्यसमितिमा रही कार्यगर्न थालेका छन् । मानवअधिकार, महिला अधिकार, सुशासन, नेतृत्व विकास जस्ता विषयहरुमा प्रशिक्षक प्रशिक्षण तालिमहरु संचालन गर्न थालेका छन् । जागरण नेपालले अन्तर्राष्ट्रिय साझेदारहरुलाई समेत राजनीतिमा महिला सहभागिता सम्वन्धी महत्वपूर्ण क्षेत्र हो भनि यस क्षेत्रमा काम गर्न ध्यानाकर्षण गर्न सफल भएको छ । आफ्ना सबै कार्यक्रमहरुलाई अधिकारमुखी र लैङ्गिक मैत्री अवधारणा अवलम्वन गरी अघि बढ्दै आएको जागरण नेपालले जलवायु परिवर्तन, खाद्य संप्रभुता, प्राकृतिक प्रकोप, दिगो विकास लक्ष्य जस्ता आकस्मिक मुद्दाहरुमा पनि त्यत्तिकै संवेदनशिल भई सोही अनुरुपका गतिबिधि तयगरी सञ्चालन गर्दै आइरहेको छ ।

*प्रस्तुतिकरण गर्दै जागरण नेपालका व्यवस्थापक मीना विष्ट, काभ्रे)*

तीस गाविसका ७५० संभावित महिलाहरुको नेतृत्व विकासकालागि संचालित उक्त तालिममा विशेष गरी महिला अधिकार, मानवअधिकार, लैंगिक समानता र सामाजिक समावेशीकरण, श्रोत र साधन माथि पहुँच एवं नियन्त्रण, लोकतान्त्रिक सुशासनका लागि निर्वाचन, यसका चरण र प्रणालीहरु, आगामी निर्वाचन (स्थानीय निर्वाचन) र महिला सहभागिता, राजनीतिमा महिला सहभागिता, स्थानीय निकायमा ५० प्रतिशत महिला सहभागिता, स्थानिय स्वायत्त शासन तथा स्थानीय तहमा योजना तर्जुमा, बजेट निर्माण, भाषण कला, नेतृत्व विकास, बार्ता–सम्बाद, पैरवी तथा जन वकालत जस्ता विषयबस्तुमा आधारित रहेर तालिम सञ्चालन गरिएको थियो । यसमा अतिरिक्त तालिममा कार्ययोजना निमार्णको तौरतरिकाका विषयमा समूहगत रुपमा छलफल गर्न लगाइएको थियो भने महिलाका महत्वपूर्ण सवालहरुको पहिचन गरी उक्त सवाल माथि विस्तृत छलफल समेत गरिएको थियो । तालिमका सहभागिहरुले महिलाको जीवनसंग सम्बद्ध रहेका क्षेत्रको समाबेश रहेका कारण महिलाका विषयमा अगाडि बढ्न प्रेरणा मिलेको र निरन्तर सहयोग पाईरहेमा हरेक क्षेत्रमा महिलाहरुको नेतृत्व विकास हुने विचार राख्दै यस उत्प्रेरणाबाट नयाँ पुस्ताका महिला नेतालाई उत्साह थपिएको जनाएका थिए । तालिम संचालनका क्रममा स्थानीय महिला नेताहरुले राजनीतिमा महिला सहभागीता, अवसर र चुनौती तथा महिलाको बर्तमान अवस्थाको वास्तविक अवस्थाका सन्दर्भमा आफ्ना अनुभवहरु राखेका थिए । सहभागीहरुले महिलाहरुको सशक्तिकरणका लागि निरन्तर कार्यक्रम संचालन गरिनु पर्ने जसले महिलाको क्षमता विकासमा सहयोग पुगी नेतृत्व तहमा पुग्न सहज हुने विचार राखेका थिए । प्रत्येक कार्यक्रममा जिल्ला परियोजना संयोजक सहित विषय विज्ञ श्रोत व्यक्तिले कार्यक्रमका सवालमाथि सहजिकरण गरिएको थियो ।

## संचारमा महिला विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

जागरण नेपालको आयोजनामा विभिन्न संचार माध्यमका सम्पादक तथा प्रतिनिधिहरुको सहभागितामा दुई दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । संचार क्षेत्रमा कार्यरत संचारकर्मीहरुलाई महिलाका मुख्य सवालहरुमा

संस्थाले आफ्ना कार्यक्रमहरु सञ्चालन गर्नका लागि नियमित सांगठनिक गतिविधिहरुलाई संगसंगै लैजादै आएको छ ।

यसै क्रममा हालै मात्र पूर्वाञ्चलका ५ जिल्ला र मध्यमाञ्चलको एक जिल्ला गरी जम्मा ६ जिल्ला (ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ्ग र काभ्रे) का ३० गाविसहरुमा महिलाहरु विशेषगरी सिमान्तकृत समुदायको स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलिकरण परियोजना संचालन भइरहेको छ ।

यसरी जागरण नेपालको महिला अधिकार, शान्ति तथा सुशासनको अभियानले द्वन्द्व पीडित महिला तथा बालबालिका, महिला सशक्तिकरण, राजनीतिमा महिला समावेशीकरण, संविधानसभा र महिला, दिगो शान्ति र महिला, सहभागितामुलक संविधान निर्माण, लोकतान्त्रिक सुशासन, जस्ता महत्वपूर्ण मोडहरु पार गर्दै हाल सिमान्तिकृत महिलाहरुको समावेशी सहभागिता, आर्थिक सशक्तिकरण जस्ता मुद्धाहरुमा केन्द्रित रहेर आप्mना संस्थाका गतिविधिहरु संचालन गर्दै आएको छ ।

## राजनीतिमा महिला सहभागिताका सम्वन्धमा भएका मुख्य उपलब्धीहरु

- प्रमुख राजनीतिक पार्टीका केन्द्रीय स्तरका २००६ मा गरेको अध्ययन अनुसार महिलाको सहभागिता ९.१ रहेकोमा २०११ मा १६ मा बृद्धि भयो भने जिल्ला स्तरीय समितिहरुमा क्रमशः ९.५% बाट २२ % पुगेको छ । २०११ पश्चत क्रमश यो स्थितिमा सुधान आइरहेको विभिन्न अध्ययनहरुले देखाएका छन् ।
- राजनीतिमा महिलाको सहभागिता अभिवृद्धिका लागि क्षमता विकास तालिम लिएका दुई जना महिला नेताहरु संविधान सभा निर्वाचन २०१३ पहिलो हुने निर्वाचित हुने प्रक्रिया अत्र्तगतको निर्वाचनमा टिकट पाउन सफल भएका ।
- केन्द्रीय स्तरमा ६२ जना, जिल्ला स्तरका ३०० जना र गाँउ स्तरका २००० महिला नेतृहरुलाई मानव अधिकार, महिला अधिकार, नेतृत्व विकास, लोकतान्त्रिक सुशासन, वकालत, भाषणकला, निर्वाचन लगायतका बिषयमा तालिम प्रदान गरी प्रशिक्षकका रुपमा समेत क्रियाशिल हुन थालेको ।
- महिलाको समानुपातिक सहभागिताको सुनिश्चितताका लागि आवश्यक लवी वकालत गर्न ५० भन्दाबढी राष्ट्रिय स्तरका सञ्चार माध्यमहरुलाई परिचालन गरी सवालमा वकालत गर्न सहयोग पुर्याएको ।
- राजनीतिमा महिलाको सहभागिता अभिवृद्धिका लागि क्षमता विकास तालिममा सहभागी विभिन्न राजनीतिक दलका १४ जना महिला नेताहरु संविधान सभा निर्वाचन २०७० मा

संवेदनशिल हुन तथा सुसूचित बनाउन र राजनीतिक महिला नेतृहरुले संञ्चार क्षेत्रमा पहँुच स्थापनामा भोग्नु परेका समस्याहरु, संञ्चाकर्मीहरुले महिला मुद्धामा वकालत गर्न तथा राजनीतिक महिला नेत्रीहरुलाई सञ्चारमा ल्याउदा आइपर्ने अप्ठ्याराहरुका विषयमा छलफल गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । अन्तरक्रिया कार्यक्रम राजनीतिमा महिला सहभागिता, स्थानीय सुशासन, निर्वाचन जस्ता विषयमा केन्द्रीय रहेर त्यसमा महिलाको सहभागिता बढाउनका लागि संचार माध्यमले अवलम्वन गर्नुपर्ने नीति तथा राजनीतिक कर्मी महिला तथा गैर सरकारी संस्थाहरुले अपनाउनु पर्ने संबेदनशिलताका विषयमा केन्द्रीत गरिएको थियो । सो अवसरमा एम.एम रेडियो, पत्रपत्रिका, टेलिभिजन, अनलाइन खवरका पत्रकार, सम्पादकहरु तथा प्रमुख पाँच राजनीतिक दलका भगिनी संगठनका प्रमुखहरु प्रतिनिधिहरु तथा राष्ट्रिय सूचना आयोगको सहभागिता रहेको थियो । कार्यक्रम संचार क्षेत्रमा भएका चुनौतीहरु र राजनीतिक महिला नेताहरुका सवालहरुलाई कसरी प्राथमिकता दिने ? तथा महिला नेताहरुले सामना गर्नुपरेका चुनौतीहरु र ती चुनौतीहरुलाई न्यूनिकरण गर्न गैर सरकारी संस्थाहरुले गर्न सक्ने सहयोगका बारेमा समेत छलफल केन्द्रीत भएको थियो ।



*(संचारमा महिला विषयक अन्तरक्रिया कार्यक्रममा आफ्ना विचार राख्दै जागरण नेपालका अध्यक्ष शर्मीला कार्की)*

सहभागीहरुले संचार क्षेत्रमा विभिन्न प्रकारका चुनौती रहेको औंल्याउदै महिलाका सवालहरुलाई संचार माध्यामबाट वकालत गर्ने काममा आफ्ना कार्यक्रममले निरन्तर सहयोग गर्ने गरेको र कहिले काही महिलाहरु आफैले सयम मिलाउन नसक्दा केही सवालहरु ओझेलमा पर्ने गरेको विचार राखेका थिए । उहाँहरुले राजनीतिमा महिलालाई पार्टी भित्र समानुपातिक सहभागिता बढाउन तथा संञ्चारमा पहँुच बढाउन संञ्चार कर्मीहरु सबै मिलेर पार्टीलाई

राजनीतिक दलहरुले पेश गरेका समानुपातिक सूचीमा पर्न सफल भएका, ५२ जना महिला नेताहरु अ–आफ्नो दलबाट समानुपातिक उम्मेद्वारको सूचीमा पार्नका लागि जिल्ला स्तरबाट सिफारिस भएका ।

- महिलाहरु स्थानीय शान्ति समिति, बिद्यालय ब्यबस्थापन, स्वास्थ्य ब्यवस्थापन समिति, स्थानीय उपभोक्ता समिति सहकारी लगायतका अन्य समितिहरुमा रही कार्य गरिरहेका ।
- संविधान सभामा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्न सहयोग पुगेको
- नेपालको संविधान २०७२ मा राज्यका हरेक निकायमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुने गरी व्यवस्था गरेको छ भने स्थानीय सरकारमा ४० प्रतिशत सहभागिताको सुनिश्चितता भएको छ । यसको लागि जागरण नेपालले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।
- त्यसैगरी राष्ट्रका प्रमुख पदहरुमा फरक लिंङ्गका मानिसहरु राष्ट्रपति वा उपराष्ट्रपति सभामुख वा उपसभामुख हुने कुराको ग्यारेन्टी भएको छ ।
- राष्ट्रका प्रमुख स्थानहरु न्यायपालिका, व्यवस्थापिका र मानवअधिकार, महिला अधिकार, सुशासन, नेतृत्व विकास जस्ता विषयहरुमा प्रशिक्षक प्रशिक्षण तालिमहरु संचालन गर्न थालेका छन् ।
- जागरण नेपालले अन्र्तराष्ट्रिय साझेदारहरुलाई समेत राजनीतिमा महिला सहभागिता सम्वन्धी महत्वपूर्ण क्षेत्र हो भनि यस क्षेत्रमा काम गर्न ध्यानाकर्षण गर्न सफल भएको छ ।

## महिलाहरु तथा सिमान्तिकृत समुदायको स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलिकरण कार्यक्रमको लागि जागरण नेपाल

जागरण नेपाल र गभर्नेन्स फेसिलिटि (Governance Facility) बीच महिलाहरु विशेषगरी सिमान्तकृत समूदायको स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलिकरण परियोजना यही १५ डिसेम्वर १०१५ देखि लागु हुने गरी सम्झौता भएको छ । महिला अधिकार, दिगो शान्ति र सुशासनका लागि कार्यरत जागरण नेपालले संयोजन गर्ने यो परियोजना स्थानीय जिल्ला साझेदार संस्थाहरुको सहकार्यमा पूर्वाञ्चलका पाँच जिल्ला र मध्यमाञ्चलको भूकम्प प्रभावित एक जिल्लागरी जम्मा छ जिल्लाका ३० गाविसमा उक्त परियोजना संचालन हुँदै आएको छ । परियोजनामा छानिएका जिल्ला र गाविसहरुमा ताप्लेजुङ्गः आँखोप, साब्लाखु, लिम्बुदिन, मेहेले र सुरुम्खिम, पाँचथरः प्राङ्बुङ्ग, लुङ्गरुपा,

खबरदारी गर्नुपर्ने महिलालाई पार्टी भित्र समानुपातिक सहभागिता बढाउन तथा सञ्चारमा पहुँच बढाउन सञ्चार कर्मीहरु सबै मिलेर पार्टीलाई खबरदारी गर्नुपर्ने विचार राख्नु भएको थियो । राजनीतिक कर्मी महिलाहरुले संञ्चार माध्यममा वक्ताहरु आमन्त्रण गर्दा महिला राजनीतिक नेतृहरुलाई समानुपातिक रुपमा सहभागि गराउनु पर्ने कुरामा जोड दिएका थिए । उहाँहरुले महिला नेताहरुको क्षमता अभिवृदि गर्न भाषण कला तथा लेखन विधिको तालिमको व्यवस्था गर्न समेत जागरण नेपालले अनुरोध गरेका थिए

## गाविस स्तरीय महिला नेतृहरुबीच उत्प्रेरक बैठक सम्पन्न

महिलाहरु विशेषगरी सिमान्तिकृत समुदायको स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलिकरण परियोजना संचालन भएका ६ जिल्लाका ३० गा.वि.सहरु (ताप्लेजुङ्गः आँखोप, साब्लाखु, लिम्बुदिन, मेहेले र सुरुम्खिम, पाँचथर : प्राङ्बुङ्ग, लुङ्गरुपा, मेमेङ्ग, हाङ्गुम र वलन, इलाम : महमाई, दानावारी, चिसापानी, चुलाचुली र शान्तिपुर, झापा : महारानीझोडा, जुरोपानी, खजुरगाछी, गौरीगञ्ज र कोहवरा, मोरङ्ग : कटारी, सिसवानी जहदा, हात्तीमुढा, टंकिसिनवारी र सुन्दर दुलारी र काभ्रे : चाँदनी, महादेवस्थान, चलाल गणेश, भुमिडाँडा र धुमखर्क ) मा गा.वि.स. स्तरीय १ दिने उत्प्रेरक बैठक सम्पन्न भएको छ । स्थानीय संभावित महिला नेता, विभिन्न सामाजिक क्षेत्रमा क्रियाशिल महिला समूह, कृषि, स्वास्थ्य, शिक्षा क्षेत्रमा आवद्ध महिला समूह तथा युवा, प्रौढ लगाएत राजनीतिमा सक्रिय महिला नेताहरु समेतको सहभागीतामा उक्त कार्यक्रम सम्पन्न गरिएको छ ।



मेमेङ्ग, हाङ्गुम र वलन, इलाम ः महमाई, दानावारी, चिसापानी, चुलाचुली र शान्तिपुर, झापा ः महारानीझोडा, जुरोपानी, खजुरगाछी, गौरीगञ्ज र कोहवरा, मोरङ्ग ःकटारी, सिसवानी जहदा, हात्तीमुढा, टंकिसिनवारी र सुन्दर दुलारी रहेका छन् भने काभ्रे जिल्लामा चाँदनी, महादेवस्थान, चलाल गणेश, भुमिडाँडा र धुमखर्क गाविसहरु रहेका छन् ।

## कार्यक्रमको उद्देश्य

परियोजनाले स्थानीय सुशासन, निर्णायक तह, निर्वाचन तथा राजनीतिक दल लगायत विभिन्न क्षेत्रमा सहभागिताको अधिकारका लागि महिलाको सशक्त आवाज अभिवृद्धि भएको हुने, स्थानीय नागरिक खासगरी पछाडि पारिएका महिला समुदायको आयआर्जनका अवसरहरुमा बढ्दो पहुँच स्थापित भएको हुने तथा सरकार तथा राजनीतिक दलहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री कानुन नियम, नियमावली नीति तथा कार्यक्रमहरु अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेज संग मेलखाने गरी बनाउन अथवा संशोधन गरी प्रभावकारी रुपमा लागु गर्न पहल गर्ने जस्ता उद्देश्य राखेको छ ।

## कार्यक्रमका आसातित नतिजाहरु

कार्यक्रम संचालन भएका जिल्ला तथा स्थानीय तहहरुमा यसको प्रभावले महिला विकासका लागि गाविस तथा जिविस स्तरबाट छुट्याउने बजेटमा बृद्धि भएको हुने, राजनीतिक दलका महिलाहरुले पार्टी संरचनामै समान सहभागिता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री वातावरण निर्माणका लागि आवाज उठाएका हुने छन् भने कम्तिमा ३०० स्थानीय महिलाहरुले आ–आफ्नो जिविस तथा गाविसहरुका निर्णायक तहमा सहभागी हुनको लागि दावी गरेका हुनेछन् । त्यसैगरी कम्तिमा ४५० स्थानीय महिलाहरुले आ—आफ्नो राजनीतिक दलका निर्वाचनमा टिकट पाउनको लागि दावी सृजना गरेका हुने, कम्तिमा ७५ प्रतिशत उद्यमी तथा आय आर्जनमा संलग्न महिलाहरुले उनीहरुको उद्यम बृद्धि गरेका हुने तथा ५० प्रतिशत सीप विकास सम्वन्धी तालिमका सहभागिहरुले बजारमुखी आयआर्जन तथा रोजगारी सम्वन्धका गतिविधिहरु संचालन गर्ने सक्षम भएका हुनेछन् । यस परियोजनाको माध्यमबाट कम्तिमा ७५ प्रतिशत नेतृत्व विकास तालिमका सहभागी महिलाहरु स्थानीय समुहहरुमा संगठित हुदै राजनीतिक गतिविधिहरुमा सहभागि हुने तथा कम्तिमा ८० प्रतिशत तालिम प्राप्त सहभागीहरु जो प्रशिक्षक प्रशिक्षण तालिममा सहभागि हुनुभयो वहाँहरुले स्थानीय सम्भावित महिला नेताहरुको लागी उत्प्रेरणा तथा तालिम सञ्चालनमा सक्रिय हुनेछन् । त्यसैगरी लक्षित ९०० लाभान्वीत सदस्यहरु मध्ये कम्तिमा ७० प्रतिशतले

*(अनुगमनका क्रममा आफ्ना विचार राख्दै डिसिएका प्रतिनिधि प्रकाश प्रकास भट्टराई)*

निर्वाचन तथा निर्णायक तहमा महिलाको सहभागिता अभिवृद्धिका लागि अभिप्रेरित गर्नु र सहभागिता बढाउनका लागि अपनाउनु पर्ने उपायहरुका बारेमा जानकारी गराउनु तथा गाविस तहमा सरकारी सुविधा तथा विभिन्न महिलाका सवालहरु र योजना प्रक्रियाहरुका बारेमा स्थानीय महिलाहरुलाई सुसूचित गराउनु उक्त बैठकको मुख्य उद्देश्य रहेको थियो । कार्यक्रमका सहभागिहरुले यस्ता बैठकले सरकारले स्थानीय निकायमा प्रदान गर्ने सेवा सुविधाकाबारेमा जानकारी गराउन, अवसर लिन सहयोग गर्ने हुनाले उत्प्रेरक बैठकको आवश्यकता रहेका विचार राखेका थिए । कार्यक्रम संचालन भएका गाविसहरुका ७४० स्थानीय संभावित महिला नेताहरु तथा ११७ पुरुषको सहभागिता रहेको थियो ।

## डि.सि.ए. कार्यलय द्वारा अनुगमन तथा मुल्याङ्कन संम्पन्न

जागरण नेपालले ड्यान चर्च एड्को आर्थिक सहयोगमा महिलाको समाबेशी सहभागिताका लागि क्षमता बिकास कार्यक्रम संचालन भएका सुनसरी जिल्लाका ६ बटा गाविसहरुको स्थालगत अनुगमन तथा महिला समूहहरु संग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । परियोजना संचालन भएका ६ वटै गा.बि.सहरु (विविया,सिंगिया, सोनापुर, सत्तेरझोरा, चाँदबेला र बक्लौरी) का महिला समुहका अगुवामहिलाहरु, जिल्ला विकास समितिका सामाजिक बिकास अधिकृत, जि.बि.सका गैर सरकारी संस्था फाँटका शाखाअधिकृत तथा गाविस सचिबहरु र नितिवकालतका लागि जागरण महिला संजालका सदस्यहरु संग अन्तरक्रिया सहित अनुगमन तथा मुल्याकन सम्पन्न भएको छ ।

सरकारी सेवा, उनीहरुका अधिकार तथा स्थानिय श्रोत साधनमा दावी राखेका हुने तथा सीप विकास सम्बन्धि तालिम लिएका सहभागिहरु मध्ये कम्तिमा ७५ प्रतिशतले स्थानीय संघ संस्था, सेवा प्रदायकहरु, परिवारका सदस्यहरु संग व्यापार तथा अन्य आयआर्जनका क्षेत्रहरुका सम्वन्धमा सरसल्लाह तथा परामर्श गरेका हुनेछन् । त्यसरी नै परियोजनाको अन्त्य सम्ममा राजनीतिक दलका विभिन्न फोरमहरुमा आ–आफ्ना दलका संरचना तथा निर्वाचनहरुमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने छलफल सहित स्थानिय शासन, निर्णायक तहमा महिला सहभागिता सुनिश्चित गर्न विभिन्न कार्यक्रमहरु संचालन भएकाछन् ।

## लाभान्वित समुदाय

जागरण नेपालले पछाडि पारिएका समुदायको क्षमता अभिवृद्धिका लागि लामो समय देखि नै विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ । ती कार्यक्रमहरुले महिला तथा सिमान्तिकृत समुदायको सहभागिता अभिवृद्धिमा जोड दिदै कार्यक्रमहरु संचालन गर्दै आएका छन् । तिनै कार्यक्रमको निरन्तरता स्वरुप यस परियोजनाका प्रत्यक्ष लाभान्वित समूहहरुमा सिमान्तिकृत तथा बन्चित समूदायका महिलाहरु हुनेछन् । जसमा लिम्व,ू राई, गुरुङ्ग, मगर, तामाङ्ग, भोटे, दमाई, कामी, सार्की, राजवंशी, ताजपुरिया, यादव, सतार, झाँगर, बाँनिया, माझी, मुसहर, कुर्मी, ठाकुर, सुधी, सुनुवार, सन्थाल, धिमाल, तेली, खत्वे, कलवार, हलुवाई, पासवान, तत्मा, धानुक तत्वा, थारु, दुसाध, सतार, धतिमुडो आदि लगायतका परियोजना गाविसहरुमा रहेका महिला राजनीतिकर्मी, पुरुष, नागरिक संघसंघठनका सदस्यहरु, सरकारी निकाय तथा मुख्य राजनीतिक दलहरु छन् ।

## परियोजनाले निम्न सवालहरु प्रप्त गर्न सहयोग पुग्नेछ

कार्यक्रमका माध्यमबाट महिलाको क्षमता अभिवृद्धि हुनुका साथै उनीहरुको श्रोत र साधानमा पहुँच अभिवृद्धिका लागि सवल हुने विश्वास लिइएको छ । जसबाट यस परियोजनाका लक्षित समूहहरुमा विशेष गरी सिमान्तिकृत तथा बन्चित समूदायका महिलाहरु हुनेछन् । जसमा लिम्मू, राई गुरुङ्ग, मग, तामाङ्ग, भोटे, दमाई, कामी, सार्की, राजवंशी, ताजपुरिया, यादव, सतार, झाँगर बानिया, माझी, मुसहर कुर्मी, ठाकुर, सुधी, सुनुवार सन्थाल धिमाल, तेली, खत्वे, कलवार, हलुवाई, पावसवान, तत्मा, धानुक तत्वा, थारु, दुसाध, सतार, धालिमुडो आदि लगाएतका परियोजना गाविसहरुमा रहेका महिला राजनीतिक नेता पुरुष राजनीतिक नेता, नागरिक संघसंघठनका सदस्यहरु सहित ९०० लाभान्वीत सदस्यहरु मध्ये कम्तिमा ७० प्रतिशतले सरकारी सेवा उनीहरुका अधिकार तथा स्थानीय श्रोत साधनमा पहुँच अभिवृद्धि गरी स्थानीय संघ संस्था तथा सेवा



*(गाविस स्तरीय महिला नेतृहरुबीच उत्प्रेरक बैठकमा आफ्ना विचार राख्दै वैठकका सहभागी)*

कार्यक्रममा ड्यान चर्च एडको तर्फबाट कार्यक्रम अधिकृत प्रकास भट्टराइको उपस्थिती रहेको थियो । सो अवसरमा कार्यक्रम संचालन भएका गाविसका सचिवहरु, महिला समूहका अगुवा महिला नेताहरु सहित स्थानीय निकायका प्रतिनिधिहरुले आफ्ना महत्वपूर्ण विचारहरु राख्नु भएको थियो । कार्यक्रममा गाविस सचिवको प्रतिनिधित्व गर्दै बक्लौरी गाविसका सचिवले जागरण नेपालले अन्य संस्थाहरुले गरेको काम भन्दा भिन्न प्रकृतिको कार्यक्रम संचालन गरेको र महिलाहरुलाइ समाबेश गर्दै नेतृत्वतहमा पुर्याउनको लागि अगुवामहिला नेताहरुको लागि संचालन गरिएको कार्यक्रम अत्यन्त सह्रानिय रहेको विचार राख्नु भएको थियो । यस्ता कार्यक्रमले महिलामा चेतना बृद्धिभई राजनीतिक दल तथा अन्य निकायहरुमा सहभागी हुन थालेका साथै गाबिस बाट छुट्याउने लक्षित बजेटमा चासो बढ्न थालेकोले पनि कार्यक्रम अत्यन्त प्रभावकारी महशुस भएको विचार राख्नु भएको थियो । सामाजिक विकास अधिकृत मायाँ राईले गाविस र जिविस संग समन्वय गरी कार्यक्रम संचालन भएकोले कहाँ कस्ता कार्यक्रम संचालन भई के उपलब्धी भएको छ भनी थाहा पाउन समेत सहज भएको जानकारी दिनु भएको थियो । उहँहरुले सबै गाविसमा महिलाको समान क्षमता विकास भइ नसकेको हुँदा कार्यक्रमको निरन्तरताको आवश्यकता रहेको बताउनु भएको थियो ।

स्थानीय महिला समूहका सहभागितहरुले जागरण नेपालले गठन गरेको महिला समूहमा सहभागित भई क्षमता विकास भएको, शुरुका दिनमा आफ्नो नाम भन्न समेत हिचकिनाउने अवस्था रहेकोमा आज आफ्नो राजनीतिक दलको नाम नहिचकिचाई भन्न सक्ने भएको तथा गाविस

प्रदायकहरु संग व्यापार तथा अन्य आयआर्जनका क्षेत्रहरुका सम्वन्धमा सरसल्लाह तथा परामर्श समेत गरी सोही आधारमा अन्य गतिविधिहरु संचालन गर्न सक्षम हुने छन् ।

यस कार्यक्रम अन्तर्गत संचालन हुने मुख्य गतिवधिहरुमा स्थानिय महिला तथा संभावित महिला नेताहरुको छनौट गरी महिला अधिकार, राजनीति र नीति निर्माण, महिला सहभागिता सम्वन्धमा गाविस स्तरीय तालिमको आयोजना गरिने छ । जसमा विशेष गरी महिला अधिकार, राजनीति र निर्णायक तहमा महिला विषयमा जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण तालिम/पुनर्ताजकी कार्यक्रमको आयोजना गरिने छ भने गाविस स्तरीय महिला नेतृहरुबीच उत्प्रेरक बैठकहरु तथा राजनीतिमा महिला, निर्वाचन तथा निर्णायक तहमा महिला सभागिता सम्वन्धी जिल्ला स्तरिय अन्तरक्रिया संचालन गरिने छ । त्यसैगरी महिला अधिकार, राजनीतिमा महिला सहभागिता, निर्वाचन र निर्णायक तह सम्वन्धमा जिल्ला स्तरीय सार्वजनीक सुनुवाई गरिने छ भने गाविस तहका राजनीतिक दलमा आवद्ध नेता तथा सरकारी निकायका प्रतिनिधिहरुले जिल्ला तहमा नीति वकालत कार्यक्रहरु संचालनमा सहयोग गर्नेछन् । कार्यक्रमले लक्षित गरेका समूहहरु प्रत्येक जिल्लाबाट छनौट गरी कम्तिमा ४० जना स्थानीय संभावित महिला नेताहरुको स्थानीय तह देखि काठमाडौ र भारत सम्मको exposure भ्रमण समेत समावेश गरिएको छ । परियोजनाले जिल्ला स्तरीय सीप विकास सम्वन्धी तालिम तथा पुनर्ताजकी तालिम कार्यक्रम, उद्यमशिलता संस्कृतिको विकासका लागि आयआर्जन कार्यक्रम, सेवा प्रदायक र सरोकारवाला संघसंस्था बीच जिल्ला स्तरीय कार्यशाला, स्थानीय व्यक्तिहरुलाई जिल्ला तहका सेवाप्रदायक तथा सरोकारवाला संघ संस्थाहरु बीच समन्वय, स्थानीय नागरिकहरुको श्रोतमा पहुँचको लागि जिल्ला स्तरीय सुनुवाइ तथा परियोजना क्षेत्रहरुमा श्रोतकेन्द्रको स्थापना तथा संजालको परिचालन गरी विभिन्न महिला अधिकारका सवालमा ऐक्यवद्धता सहित विभिन्न अभियानहरु संचालन गरी महिला सहभागिता अभिवृद्धि र क्षमता विकासका कामहरु संचालन गरिने छ

## निष्कर्ष

जागरण नेपाल संस्थाको आफ्नै स्रोतसाधनहरुको परिचालन गरी तथा विभिन्न सहयोगी निकायहरुको सहयोगमा राजनीतिमा महिलाको सहभागिता अभिवृद्धिका लागि विविध गतिविधिहरु सञ्चालन गर्दै आएको छ भने राजनीतिमा महिलाको सहभागिता अभिवृद्धिका लागि कार्यरत एक अग्रणी संस्थाको रुपमा समेत स्थापित भइसकोको छ । संस्थाले महिलाको राजनीतिमा सहभागिता अभिवृद्धि गर्नका लागि नीति वकालत, क्षमता अभिवृद्धि, सचेतना अभियानहरुको संचालन, संचार माध्यामहरुको परिचालन, श्रोतकेन्द्रको परिचालन समेत गरिरहेको छ । राज्य र राजनीतिक दलका हरेक निकाय र संरचनामा स्तरमा छुट्एिको बजेटमा तथा स्थानीय श्रोत साधानमा पहुँच बृद्धि भएको, स्थानीय स्तरका साना तिना झै झगडा मिलाउन सक्ने , तथा स्थानीय स्तरमा महिला हिंसाका घटनामा समेत कमी आएको, न्यायमा समेत पहुच बृद्धि भएको विचार राखेका थिए । उनीहरुले कार्यक्रमको निरन्तरताको माग समेत गरेका थिए ।

## अनुगमन कार्यक्रम सम्पन्न

जागरण नेपालको संयोजन तथा गभर्नेन्स फेसिलिटिको आर्थिक सहयोग तथा जिल्ला साझेदार संस्थाहरु मानव अधिकार चेतना र बिकास केन्द्र (HUCODEC, Nepal) पाँचथर, मानव अधिकार मञ्च नेपाल (HURF) इलाम ,नेपाल महिला उद्यमी संघ (NWEA) ताप्लेजुङ्ग ,ग्रामीण तथा शहरी विकास नेपाल(RUD Nepal) झापाको साझेदारीमा संचालित महिलाहरु विशेषगरी सिमान्तकृत समूदायको स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलिकरण परियोजनाको जिल्ला तथा गाविस स्तरमा अनुगमन कार्यक्रम सम्पन्न भएको छ ।



*(कार्यक्रमको अनुगमनका क्रममा जागरण नेपालका अध्यक्ष, इलाम)*

जागरण नेपालका अध्यक्ष शर्मीला कार्की, राष्ट्रिय परियोजना संयोजक दिपकप्रसाद बस्याल तथा लेखा अधिकृत बाबुराजा श्रेष्ठ सहितको केन्द्रीय अनुगमन समूहले उक्त परियोजना संचालन भएका स्थानको स्थलगत अनुगम तथा परियोजनाले महिलाहरुमा पारेको प्रभावका बारेमा समेत जानकारी लिएको थियो । टोलिले प्रत्येक जिल्ला तथा गाविस स्तरका सरोकारवाल समूहका सदस्यहरु संग प्रत्यक्ष अन्तरक्रिया गरी आगामी दिनमा कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गर्नका लागि उहाँहरुको

महिलाको कम्तिमा ३३ प्रतिशत सहभागिता, स्थानीय निकायमा ५० प्रतिशत सहभागिता तथा राजनीतिक दलका नीति नियमहरु महिला मैत्री बनाउन र राजनीतिक दलका केन्द्रीय, क्षेत्रीय तथा स्थानीय समितिहरुमा महिलालाई जनसंख्याको आधारमा प्रतिनिधित्व गराउनका लागि सम्वन्धित दलका प्रमुख तथा सरोकारवालाहरु समक्ष ज्ञापनपत्र/ध्यानाकर्षण पत्र हस्तान्तरण गर्ने, प्रेसविज्ञप्ति निकाल्ने, पर्चा, पम्प्लेट तथा पोष्टरहरुको प्रकाशनगरी सचेतना तथा दवावमूलक कार्यक्रमको माध्यमबाट नीति वकालत गर्दै आएको छ । यसैगरी सञ्जालहरुको निर्माण तथा परिचालन गरी महिलाका सवालहरुलाई उठान गराउने, महिला अधिकारका विषयमा निर्माण भएका अन्तर्राष्ट्रिय दस्तावेजहरु का बारेमा जानकारी गराएर, नीति वकालतका लागि तयार गरिएका समाग्रीहरुको सरोकार तथा अधिकार वालासमक्ष व्यापक वितरण गर्दै,सामाजिक संघ संघठनका प्रतिनिधि तथा अधिकारकर्मीहरु संग गोष्ठी, बहस, छलफल द्वारा नीतिवकालत गरिरहेको छ ।

आफ्ना सबै कार्यक्रमहरुलाई अधिकारमुखी र लैङ्गिक मैत्री अवधारणा अनुसार महिलाको अर्थपूर्ण समावेशी सहभागिता, दिगोशान्ति, सुशासन, मानवअधिकार र नागरिक शिक्षाका बारेमा सचेत गराउन, स्थानीय श्रोत साधनमा स्थानीय जनताहरुको पहुँचमा बृद्धि गर्न, महिलाको आर्थिक सशक्तिकरणका लागि सहयोग गर्न स्थानीय स्तर देखि केन्द्रीय स्तर सम्म स्थानीय साझेदार संस्थाहरुको सहयोगमा आफ्नो कार्यक्रमहरु निरन्तर संचालन गर्नु आजको आवश्यक छ जो जागरण नेपाल स्थापना कालदेखि नै गर्दै आएको छ ।

अवधारणा समेत संकलन गरेको थियो भने नेतृत्व विकास कार्यक्रम संचालन भइरहेका गाविसहरुमा उपस्थित भई सहभागीहरुलाई महिला अधिकार, मानव अधिकार तथा नेतृत्व विकास सहित श्रोत साधनमा पहुँच स्थापनाका विषयमा महत्वपूर्ण जानकारी दिदै जागरण नेपालको लक्ष्य तथा उद्देश्यका बारेमा समेत जानकारी गराउनु भएको थियो ।



*(कार्यक्रमको अनुगमनका क्रममा परियोजना संयोजक दिपक वस्याल, मोरङ्ग)*

ार्यक्रममा परियोजना संचालन भएका प्रत्येक जिल्ला तहका सेवाप्रदायहरु संग प्रत्यक्ष छलफल गरी कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गर्नका लागि सुझावहरु प्राप्त भएका थियो ।

## थप जानकारीका लागि

**www.jagarannepal.org**

## मा अवलोकन गरी सल्लाह सुझावका लागि

**info@jagarannepal.org**

## मा सम्पर्क गर्नुहोला


## सम्पादक मण्डल

**सल्लाहकारः शर्मिला कार्की**
**संयोजनः मीना विष्ट**
**संपादनः दिपक बस्याल**

## जागरण नेपाल

**फोन : ०१-४२१९४३९,**
**फ्याक्स : ०१-४२४७२९७**
**पो.व.नं : १९४८७**

लेखनः अहिल्या अधिकारी
डिजाइनः राजिब श्रेष्ठ

सिद्धार्थ मार्ग, अनामनग
ईमेल : info@jagarannepal.org
वेबसाइट : www.jagarannepal.org